# Lok Sewa Aayog

## राजपत्रांकित तृतीया श्रेणी (शाखा अधिकृत )

LEARN • GROW • SUCCEED

**Date: 2080/12/21 | Subject: Governance System (Paper: II)**

- **Section-A**

1. सहकारीतामूलक शासनको अवधारणाको व्याख्या गर्दै नेपालमा यस्तो शासनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने उपायहरू उल्लेख गर्नुहोस् । (5+5=10) Explaining the concept of cooperative governance, mention the measures needed to make this governance effective in Nepal.

2. नेपालको राष्ट्रिय सुरक्षा नीतिको प्रमुख विशेषतामाथि प्रकाश पार्नुहोस् । (10) Shed light on major features of National Security Policy of Nepal.

3. नेपालको शासन प्रणालीका मुख्य विशेषतामाथि प्रकाश पार्दै शासन प्रणालीलाई थप सेवा प्रवाहमुखी बनाउने उपायहरू वर्णन गर्नुहोस् । (10) Highlighting on the main characteristics of the governance system of Nepal, describe the measures to make the governance system more service delivery-oriented.

- **Section-B**

4. नागरिकको मौलिक अधिकार र कर्तव्य भन्नाले के बुझ्नुहुन्छ? नेपालको संविधानले नेपाली जनतालाई प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयन अवस्थाको वर्णन गर्नहोस् । (4+6=10) What do you understand by the fundamental rights and duties of citizens? Describe the implementation status of the fundamental rights guaranteed to the Nepali people by the Constitution of Nepal.

5. नेपालको संविधानमा राज्यका तीन अंगहरू- कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन र नियन्त्रणको सम्बन्धमा के कस्तो व्यवस्था उल्लेख गरिएका छन् ? प्रष्टरूपमा वर्णन गर्नुहोस् । (10) What provisions have been mentioned in the Constitution of Nepal regarding the check and balance of power among the three organs of the state- the executive, the judiciary and the legislature? Describe clearly.

- **Section-C**

6. भनिन्छ "नेपालको निजामती सेवा क्षमतावान छ तर यसले नतिजा प्रदान गर्न सक्दैन"। यदि यसले नतिजा प्रदान गर्न सक्दैन भने यो कसरी क्षमतावान हुनसक्छ? निजामती सेवालाई अझ नतिजामुखी बनाउन वर्तमान कानूनमा के कस्तो सुधार गर्नुपर्ला? सुझाब दिनुहोस् । (2+8=10) It is said "Nepal's civil service is capable but can't provide results". If it cannot provide

results, how can it be capable? What reforms in existing laws to be carried out to make civil service more result oriented. Suggest.

7. सार्वजनिक सेवामा राजनीतिक तटस्थता र प्रतिबद्धताको अवधारणा प्रष्ट पार्नुहोस् । नेपालको सार्वजनिक सेवा क्षेत्रको सन्दर्भमा राजनीतिक तटस्थताको निर्धारक तत्वहरूको विद्यमान अवस्थाको मूल्याङ्कन गर्नुहोस् । (5+5=10) Clarify the concept of political neutrality and commitment in public service. In the context of Nepalese public service sector, assess the current status of determinant factors of political neutrality.

8. नेपालमा सार्वजनिक नीति कसरी तर्जुमा कसरी गरिन्छ? नीति निर्माण प्रक्रियाबारे संक्षेपमा चर्चा गर्दै मुलुकको शासकीय प्रणाली लगायत विभिन्न क्षेत्र र विषयमा प्रचलित सार्वजनिक नीतिको प्रभावकारी कार्यान्वयन गर्ने तरिकाहरू उल्लेख गर्नुहोस् । (4+6=10) How is public policy formulated in Nepal? Discussing briefly about policy making process, mention the effective methods of implementation of the prevailing public policies in various areas and subjects including the governance system of the country.

- **Section-D**

9. मध्यमकालीन खर्च संरचनाको परिचय दिनुहोस् । यस सम्बन्धी विद्यमान व्यवस्था उल्लेख गर्दै यसको आवश्यकता र उपादेयता पुष्टि गर्नुहोस् । (4+3+3=10) Give an introduction of Medium-Term Expenditure Framework. Mentioning the current provisions regarding it, justify its need and uses.

10. "सामाजिक उत्तरदायित्व" भन्नाले के बुझिन्छ? सार्वजनिक वित्तीय व्यवस्थापनमा सामाजिक उत्तरदायित्वको महत्वबारे उपयुक्त उदाहरणसहित चर्चा गर्नुहोस् । (3+7=10) What is meant by "Social Accountability"? Discuss the importance of social accountability in public financial management with suitable example.

## Date: 2080/12/22 | Subject: Contemporary Issues (Paper: III)

- **Section-A**

1. नेपालको विद्यमान राजस्व बाँडफाँट प्रणालीमा प्रादेशिक र स्थानीय सरकारबीच समानता र न्यायको अभाव छ भन्ने भनाईमा तपाँईको मत प्रस्तुत गर्नुहोस्। साथै, प्रादेशिक, सामाजिक तथा लैङ्गिक समानताका लागि विद्यमान राजस्व बाँटफाँट प्रणालीमा के कस्तो सुधार गर्न सुझाब दिनुहुन्छ ? लेख्नुहोस् । (10) Present your opinion on the statement that the existing system of revenue distribution of Nepal lacks the equality and justice between the provincial and local governments. In addition, what reform do you suggest in this existing revenue distribution system for the provincial, social and gender equality? Write down.

2. आर्थिक, सामाजिक तथा शासकीय पक्षमा संगठित अपराधको प्रभाव उल्लेख गर्दै यसको नियन्त्रणका लागि के कस्ता उपायहरू सिफारिश गर्नुहुन्छ? स्पष्ट पार्नुहोस् । (6+4=10)

Mentioning the impacts of organized crime in economic, social and governance aspects, what measures do you recommend for its control? Clarify.

- 

3. नेपालमा खाद्य सम्प्रभुता र सुरक्षा सम्बन्धी संविधानमा उल्लेख गरिएको व्यवस्थाबारे वर्णन गर्नुहोस्। यसको कार्यान्वयनका लागि गरिएका प्रयास एवं खाद्य सुरक्षाको विद्यमान अवस्था वर्णन गर्नुहोस् । (10) Describe about the provisions mentioned in constitution regarding food sovereignty and security in Nepal. Describe the attempts carried out for its implementation and the existing status of the food security.

- **Section-B**
- 

4. नेपाली अर्थतन्त्रको संरचना स्पष्ट पार्दै राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउन के कस्ता नीतिगत, कानूनी र कार्यगत सुधार आवश्यक छ? व्याख्या गर्नुहोस् । (4+6=10) Clarifying the structure of the Nepalese economy, what policy, legal and operational reforms are required to increase the contribution of agriculture sector in national economy? Explain.

- 

5. "बौद्धिक सम्पत्ति" को महत्व उल्लेख गर्नुहोस् । बौद्धिक सम्पत्ति अधिकारका प्रकारहरूको बर्णन गर्दै नेपालमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्न के कस्ता नीतिगत तथा संस्थागत प्रबन्ध मिलाइएको छ? प्रष्ट पार्नुहोस् । (2+4+4=10) Mention the importance of "Intellectual Property". Describing the types of intellectual property rights, what policy and institutional arrangements have been made in Nepal to protect intellectual property rights? Elucidate.

- **Section-C**
- 

6. दिगो विकास लक्ष्यको स्थानीयकरण योजनाले स्थानीय तहमा दिगो विकासको अवधारणा स्थापित गर्न कसरी योगदान पुऱ्याएको छ? चर्चा गर्नुहोस् । यस्ता योजना कार्यान्वयन गर्न आवश्यक श्रोत प्रबन्ध गर्ने विधिहरू समेत प्रकाश पार्नुहोस् । (7+3=10) How has the Sustainable Development Goals Localization plan contributed to establish the concept of sustainable development at local level? Discuss. Also highlight on the techniques for arranging the required resources to implement such plan.

- 

7. नेपालमा संघीय शासन प्रणाली अवलम्बन गरेपश्चात् विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको समीक्षा गर्नुहोस् । विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनलाई सुदृढीकरण गर्न राजनीतिक र प्रशासनिक क्षेत्रमा गर्नुपर्ने सुधारहरूको विश्लेषण गर्नुहोस् । (5+5=10) Review decentralization and local self-governance after adoption of federal governance system in Nepal. To strengthen decentralization and local self-governance, analyse the necessary reforms to be made in the political and administrative sectors.

- 

8. साझेदारी विकास तथा समुदायमा आधारित विकास भन्नाले के बुझिन्छ? नेपालमा साझेदारी विकासको प्रयोग कसरी गरिएको छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् । (5+5=10) What is

CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor Sundhara Kathmandu

meant by partnership development and community-based development? How has the partnership development been practised in Nepal? Explain with examples.

- **Section-D**
-

9. विपद् सम्बेदनशील विकास योजना प्रक्रियाको अवधारणा उल्लेख गर्नुहोस् । नेपालमा यस अवधारणा कार्यान्वयनका लागि अवलम्बन गरिएको व्यवस्थाको समेत चर्चा गर्नुहोस् । (4+6=10) Mention the concept of disaster sensitive development planning process. Also discuss the provisions adopted for the implementation of this concept in Nepal.

-

10. जलवायु परिवर्तनका निर्धारक तत्वहरू के के हुन्? नेपालमा जलवायु परिवर्तनका के कस्ता असरहरू देखापरेका छन्? र, यी असरलाई न्यूनीकरण गर्न नेपाल सरकारले चालेका उपायहरूको समीक्षा गर्नुहोस् । (3+3+4=10) What are the determinant factors of climate change? What effects of climate change have occurred in Nepal? And, review the measures initiated by the Government of Nepal to mitigate these effects.

## Date: 2080/12/23 | Subject: Service Related Subject (Paper: IV)

- **Section-A**
-

1. सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणबीच फरक छुट्याउनुहोस् । के सार्वजनिक सुनवाइ सम्पन्न गरेपछि पनि सामाजिक परीक्षण गर्न आवश्यक छ? सामाजिक परीक्षण गर्दा परीक्षण गरिनुपर्ने प्रमुख विषयहरू लेख्नुहोस् । (3+3+4=10) Differentiate between public hearing and social audit. Is it also necessary to conduct social audit after completing a public hearing? Write down the major subjects to be audited during the social audit.

-

2. प्रचलित निजामती सेवा ऐन एवं नियमावलीले निजामती कर्मचारीको वृत्ति विकासका सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ? प्रष्टरूपमा वर्णन गर्नुहोस्। के वृत्ति विकासका लागि यी व्यवस्थाहरू पर्याप्त छन्? तार्किक धारणा प्रस्तुत गर्नुहोस् । (6+4=10) What provisions have the prevailing Civil Service Act and Regulations made regarding the career development of civil personnel? Describe clearly. Are these provisions sufficient for career development? Present logical view.

-

3. मिश्रित वित्त (दिगो विकासका लागि सार्वजनिक व्यवस्थापनमा विकास हुँदै गरेको एउटा अवधारणा) को प्रयोग कसरी गरिन्छ? यसका फाईदा र जोखिमहरू के के हुन्? व्याख्या गर्नुहोस् । (5+5=10) How is blended financing (a concept that is developing for sustainable development in public management) used? What are its benefits and risks? Explain.

- **Section-B**
-

4. आ.व. २०८०/८१ का लागि संघीय सरकारले कूल बजेटको लगभग २२.८४ प्रतिशत तल्लो तहका सरकारलाई वित्तीय हस्तान्तरण गर्ने प्रस्ताव गरेको छ । वित्तीय हस्तान्तरणमध्ये सशर्त

अनुदानको हिस्सा झण्डै ५६.९ प्रतिशत छ, जसले संविधान बमोजिम प्रादेशिक र स्थानीय सरकारहरूको एकल क्षेत्राधिकार अन्तर्गतका क्रियाकलापहरूका लागि पनि विनियोजन समावेश गरेको छ। के यो वित्तीय हस्तान्तरणको स्तर र सशर्त अनुदानको अत्याधिक प्रयोगले वित्तीय संघियताको सही कार्यान्वयन भइरहेको ठान्नुहुन्छ? विश्लेषण गर्नुहोस् । (10) Federal government has proposed a fiscal transfer of about 22.84 percent of total budget for the fiscal year 2080/81 to subnational governments. Among the fiscal transfer the share of conditional grant is about 56.9 percent, which also has included allocations for the activities under the sole jurisdiction of provincial and local governments as per the Constitution. Do you think this level of fiscal transfer and excessive use of conditional grant is contributing to proper implementation of fiscal federalism? Analyze.

5. नेपालमा सार्वजनिक ऋणको बढ्दो भारको सकारात्मक तथा नकारात्मक प्रभाव उल्लेख गर्दै यसको सही सदुपयोगका लागि ध्यान दिनुपर्ने विषयहरू सुझाउनुहोस् । (5+5=10) Mentioning the positive and negative impacts of increasing burden of public debt in Nepal, suggest the matters to be taken into consideration for its proper utilization.

- **Section-C**

6. सार्वजनिक क्षेत्र लेखामान भन्नाले के बुझिन्छ? नेपालले अपनाएको सार्वजनिक क्षेत्र लेखामानबारे उल्लेख गर्दै यसका मुख्य विशेषताहरू लेख्नुहोस् । (10) What is meant by Public Sector Accounting Standard? Mentioning about the public sector accounting standard adopted by Nepal, write its main features.

7. सार्वजनिक निकायले कुनै मालसामान, परामर्श सेवा वा निर्माण कार्य वा अन्य सेवा खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद कानूनमा उल्लेख भए बमोजिम खरिद विधिहरू प्रष्टरूपमा उल्लेख गर्नुहोस् । (10) Mention clearly the procurement procedures as mentioned in the public procurement laws regarding the acquisition of any goods, consultancy services or construction work or other services by the public entities.

8. स्थानीय तहको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी व्यवस्था उल्लेख गर्दै स्थानीय तहमा बेरुजू फछ्यौटलाई अझ प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । (5+5=10) Mentioning the provisions relating to internal and external audit of local level, write the measures to make the settlement of the financial irregularity more effective in local level.

- **Section-D**

9. नेपालको कानून निर्माण प्रक्रियाबारे जानकारी दिँदै कानून निर्माण प्रक्रियाको सम्बन्धमा प्रतिनिधिसभा र राष्ट्रियसभाबीचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् । (10) Acquainting about law making process of Nepal, in relation to law making process mention the interrelationship between the House of Representatives and National Assembly.

MIRAS ACADEMY
लोकसेवा तयारी बैंकिङ तयारी शिक्षक सेवा तयारी संस्थान तयारी
CONTACT 9851335414 / 15 LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu

10. सहकारितामा आधारित संघीयता भन्नाले के बुझिन्छ? संघ, प्रदेश र स्थानीय तहहरूबीच सहकार्यमा आधारित अन्तरसम्बन्धलाई कसरी प्रवर्द्धन गर्न सकिन्छ? तपाँईको दृष्टिकोण प्रस्तुत गर्नुहोस् । (3+7=10) What is meant by co-operative federalism? How can the interrelationship based on co-operation among federal, provincial and local levels be promoted? Present your view.

## Date: 2080/04/25 | Subject: Governance Systems (Paper: II)

- **Section-A**

1. सूचनाको हक र पारदर्शिता बीचको सम्बन्धका बारेमा लेख्नुहोस् । किन यिनीहरु सुशासनको निमित्त महत्वपूर्ण मानिन्छन् ? उल्लेख गर्नुहोस् । (5+5=10) Write about the relationship between right to information and transparency. Why are these considered important for good governance ? Mention.

2. राष्ट्र निर्माणका आधारभूत पक्षहरु के-के हुन् ? राष्ट्र निर्माणका चुनौतिहरु उल्लेख गर्दै राष्ट्र निर्माणलाई गति प्रदान गर्न उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । (4+3+3=10) What are the fundamental aspects of nation-building? Mentioning the challenges of nation-building, present suitable suggestions to accelerate nation-building.

3. राष्ट्रिय सुरक्षाका प्रमुख आयामहरु उल्लेख गर्दै नेपालमा यी आयामहरुको सान्दर्भिकताबारे चर्चा गर्नुहोस् । (4+6=10) Mentioning the major dimensions of national security, discuss about the relevancy of these dimensions in Nepal.

- **Section-B**

4. नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्त र नीतिहरुको महत्वबारे चर्चा गर्दै ती निर्देशक सिद्धान्त र नीतिहरुको कार्यान्वयन सम्बन्धी प्रतिवेदन र अनुगमनबारे गरिएको व्यवस्था उल्लेख गर्नुहोस। (10) Discussing about the importance of the directive principles and policies of the state as provisioned in the Constitution of Nepal, mention about the provisions made relating to reporting and monitoring of the implementation of those directive principles and policies of state.

5. "नेपालको विधायन प्रक्रिया (विधायन पूर्व, विधायन निर्माण र विधायन पश्चात्) संविधानले स्थापित गरेको नीति र कानूनी मार्गदर्शनमा आधारित छ।" विश्लेषण गर्नुहोस्। (10) "Nepal's legislative process (pre-legislative, legislative making and post legislative) is based on the policy and legal guidance established by the constitution." Analyze.

- **Section-C**

6. राजनीतिक तटस्थता भन्नाले के बुझ्नुहुन्छ ? प्रभावकारी सेवा प्रवाहको लागि तटस्थता किन आवश्यक पर्दछ ? बिचार प्रस्तुत गर्नुहोस् । (4+6=10) What do you mean by political

neutrality? Why is neutrality essential for effective public service delivery? Present your opinion.

- 

7. नेपालमा विद्युतीय शासनले सामाजिक रुपान्तरणलाई कसरी सघाउ पुऱ्याउन सक्ला ? विश्लेषण गर्नुहले (10) How can e-governance assist to social transformation in Nepal ? Analyze.

- 

8. नयाँ सार्वजनिक व्यवस्थापनको परिचय दिँदै सार्वजनिक सेवा प्रवाहका लागि आइपर्ने चुनौतीहरु सामना गर्न पसले के कस्ता प्रमुख कार्यहरु अवलम्बन गर्नुपर्छ ? लेख्नुहोस । (4+6=10) Introducing the new public management, what major functions should it be adopted to face the emerging challenges for the public service delivery ? Write down.

- **Section-D**
- 

9. नेपालमा सार्वजनिक वित्त व्यवस्थापन चक्रका चरणहरुको उदाहरणसहित वर्णन गर्नुहोस् । (10) Describe the stages of public financial management cycle in Nepal with examples.

- 

10. सहभागितामूलक योजना र सहभागितामूलक विकासको स्वरुपका आधारभूत सिद्धान्तहरु के-के हुन् ? नेपालको विकास प्रशासनमा सहभागितामूलक योजनाको अभ्यासको अवस्था प्रस्तुत गर्नुहोस् । (6+4=10) What are the basic principles of participatory planning and forms of participatory development? Present the state of the practice of participatory planning in the development administration of Nepal.

MIRAS ACADEMY

**Date: 2080/04/26 | Subject: Contemporary Issues (Paper: III)**

- **Section - A**
- 

1. लैङ्गिक समानताको परिचय दिनुहोस् । नेपाल सरकारले लैङ्गिक समानताका लागि गरेका प्रयास र यसका उपलब्धीहरुको चर्चा गर्नुहोस् । Give an introduction of gender equality. Discuss on the efforts made by Nepal Government for the gender equality and its achievements.

- 

2. कार्टेलिङ्ग र एकाधिकार भन्नाले के बुझ्नुहुन्छ ? यसको नियन्त्रणका लागि के कस्ता कदम चाल्नु पर्ला ? उल्लेख गर्नुहोस् । What do you mean by cartelling and monopoly? What steps should be taken for controlling it ? Mention.

- 

3. सामाजिक सुरक्षा र सामाजिक संरक्षण बीचको भिन्नता छुट्याउँदै नेपालमा के कस्ता सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरु कार्यान्वयन भईरहेका छन् ? छलफल गर्नुहोस् ।

Differentiating between social security and social protection, what programs of social security and social protection are being implemented in Nepal? Discuss.

- **Section - B**
-

4. आर्थिक वृद्धि र आर्थिक विकास बीचको फरक लेख्नुहोस् । नेपालको आर्थिक वृद्धिमा के कस्ता तत्वहरुले प्रभाव पार्दछन् ? विश्लेषण गर्नुहोस् । Write down the difference between economic growth and economic development. What factors affect the economic growth of Nepal? Analyze.

-

5. चालु आवधिक योजनाले गरिबी निवारणका लागि अवलम्बन गरेका रणनीतिहरु उल्लेख गर्दै देशमा रोजगारीका थप अवसरहरु सृजना गर्न के कस्ता पक्षहरुमा ध्यान दिनुपर्छ ? तर्कपूर्ण धारणा प्रस्तुत गर्नुहोस् । Mentioning the strategies adopted by the current periodic plan for the alleviation of poverty, what aspects should be considered to create more employment opportunities in the country? Present logical views.

- **Section - C**
-

6. विश्वव्यापीकरणको क्षेत्राधिकार र सीमितता प्रष्ट पार्नुहोस् । विश्वव्यापीकरणबाट नेपालले के कस्ता अवसर पाउन सक्ला ? यसबाट नेपालले के कस्ता चुनौतीहरु सामना गर्नुपर्ला ? छलफल गर्नुहोस् । Clearly spell out the jurisdiction and limitation of globalization. What opportunities can Nepal achieve from the globalization? what challenges should Nepal face from it? Discuss.

-

7. देशको विकास प्रक्रियामा नागरिकले के कस्तो भूमिका खेल्न सक्दछन् ? राष्ट्रिय विकासमा त्यस्तो भूमिका वृद्धि गर्न सरकारले के गर्नुपर्ला ? सुझाब दिनुहोस् । What role can citizens play in the development process of country? What should government do to increase the role in national development ? Suggest.

-

8. दिगो विकास हासिल गर्ने सम्बन्धमा चुनौतीहरु उल्लेख गर्नुहोस्। ती चुनौतीहरु कसरी सम्बोधन गर्न सकिन्छ ? लेख्नुहोस् । Describe the challenges relating to achieving sustainable development. How can those challenges be addressed? Write down.

- **Section - D**
-

9. United Nations Framework Convention on Climate Change (UNFCCC) अनुसार जलवायु परिवर्तन भन्नाले के बुझिन्छ ? विभिन्न क्षेत्रहरुमा जलवायु परिवर्तनका प्रभावहरु के कस्ता छन् ? उदाहरणसहित उल्लेख गर्नुहोस् । What is the meant by climate change as per United Nations Framework Convention on Climate Change (UNFCCC)? What are the impacts of climate change in various sectors ? Mention with examples.

-

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor , Sundhara Kathmandu

10. उर्जा सङ्कटलाई व्यवहारिक रुपमा कसरी व्यवस्थापन गर्न सकिएला ? साथै, उर्जा संरक्षणका लागि के कस्ता व्यवहारिक उपायहरु कार्यान्वयन गर्नुपर्ला ? चर्चा गर्नुहोस् । How the energy crisis can be managed practically? Further, what practicable measures applied for the energy preservation? Discuss.

LEARN • GROW • SUCCEED

**Date: 2080/04/27 | Subject: Service related subject (Paper: IV)**

- **Section - A**

1. निर्णय प्रकृयाका विभिन्न चरणहरु लेख्नुहोस् । सवैभन्दा राम्रो सम्भावित परिणाम प्राप्तिका लागि निर्णय प्रक्रियाको दौरानमा के कस्ता तत्वहरुलाई ध्यान दिनुपर्छ ? बयान गर्नुहोस् । Write the various stages of decision making process. What factors should be considered during the decision making process for the achievement of best possible outcome? Narrate.

2. नेपालमा सङ्घीय शासन प्रणाली अवलम्बनपछि सार्वजनिक प्रशासन सुधारका प्रयास र उपलब्धिहरुको समीक्षा गर्नुहोस् । सार्वजनिक प्रशासनलाई अझ नतिजामूलक र जवाफदेही बनाउन सुधारका उपायहरु व्याख्या गर्नुहोस् । Review the reform efforts of public administration and its achievement after adoption of federal governance system in Nepal. Explain the ways of reform to make public administration more result oriented and accountable.

3. सार्वजनिक निकायहरुको लागि व्यवस्थापन परीक्षण किन आवश्यक र महत्वपूर्ण छ ? प्रचलित कानूनी व्यवस्था अनुसार नेपालमा सार्वजनिक निकायहरुको व्यवस्थापन परीक्षण गर्दा कुन-कुन क्षेत्र र विषयवस्तुमा ध्यान केन्द्रीत गर्नुपर्दछ ? व्यवस्थापन परीक्षण प्रभावकारी बनाएर सार्वजनिक निकायको कार्यसम्पादनमा सुधार गर्न के कस्ता चुनौतीहरु रहेका छन् ? प्रष्ट पार्नुहोस् । Why is management audit necessary and important for public entities ? According to the prevailing legal provisions, in which areas and subject matters should we concentrate while conducting management audit of public entities in Nepal? What are the challenges in enhancing the performance of public entities through effective management audits ? State clearly.

MIRAS ACADEMY

- **Section - B**

4. "सार्वजनिक ऋण व्यवस्थापन नीति मुलुकको मौद्रिक व्यवस्थापनसँग सामञ्जस्यतामा सञ्चालन भएको हुनुपर्दछ ।" के यो भनाइसँग तपाँई सहमत हुनुहुन्छ ? कारणसहित उत्तर दिनुहोस् । "Public debt management policy has to run in harmony with the monetary management of the country." Do you agree with this statement? Give answer with reasons.

लोकसेवा तयारी बैंकिङ तयारी शिक्षक सेवा तयारी संस्थान तयारी

5. नेपालमा कुशल र प्रभावकारी तवरले राजश्व सङ्कलन कार्यको क्षमतामा बाधा पुऱ्याउने राजश्व प्रणालीका संरचनात्मक अवरोधहरुबारे संक्षेपमा वर्णन गर्नुहोस् । साथै, राजश्व चुहावटका प्रमुख क्षेत्रहरु पहिचान गर्दै तिनीहरुलाई सम्बोधन गर्न के गर्नुपर्ला ? सुझाव

CONTACT 9851335414 / 15 LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu

दिनुहोस्। Describe briefly about the structural constraints of revenue system that hinder the ability to collect revenue efficiently and effectively in Nepal. In addition, identifying the major areas of revenue leakages, what should be done to address them. Give suggestions.

- **Section - C**

6. सार्वजनिक वित्तीय व्यवस्थापनमा प्रतिवेदनको महत्त्व दर्शाउँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा व्यवस्था भए अनुसार वित्तीय विवरण तथा प्रतिवेदनबारे उल्लेख गर्नुहोस् । Showing the importance of reporting in public financial management as per provisioned in Financial Procedure and Fiscal Accountability Rules, mention about the financial statement and reporting.

7. नगद र प्रोद्भावीमा आधारित लेखा प्रणाली बीचको भिन्नता स्पष्ट पार्दै सरकारी निकायमा प्रोद्भावी लेखा प्रणाली अवलम्बन गर्न के कस्ता कानूनी र प्रक्रियागत व्यवस्था आवश्यक पर्दछ ? लेख्नुहोस् । Clarifying the differences between cash and accrual based accounting system, what legal and procedural provisions are needed to adopt accrual based accounting system in government entities ? Write down.

8. स्थानीय तहका निकायहरुको लेखापरीक्षण सम्बन्धी हातको कानूनी प्रावधानको संक्षिप्त चर्चा गर्दै वित्तिय जवाफदेहिता अभिवृद्धि गर्न के कस्ता सुधारहरु गर्नुपर्छ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । Briefly discussing the current legal provisions regarding the audit of local level bodies, what improvements should be made to enhance the fiscal accountability? Present your views.

- **Section - D**

9. नियन्त्रण र सन्तुलनको दृष्टिकोणबाट संसद, संसदीय समिति र संवैधानिक निकायहरु बीचको अन्तरसम्बन्धलाई व्याख्या गर्नुहोस् । From the point of view of check and balance, explain the interrelationship among parliament, parliamentary committees and constitutional bodies.

10. संसदमा प्रतिपक्षको भूमिका र महत्वबारे उल्लेख गर्नुहोस् । नेपालको संघीय संसदमा प्रतिपक्षको भूमिका प्रभावकारी छ वा छैन, पुष्ट्याइसहित विचार प्रस्तुत गर्नुहोस् । Mention the role and importance of opposition in Parliament. Whether the role of opposition in federal parliament of Nepal is effective or not, present your opinion with justification.

**Date: 2080/1/30 | Subject: Governance Systems (Paper: II)**

- **Section - A**

1. नेपालको प्रशासनिक संरचनाको स्वरूप उल्लेख गर्नुहोस् । प्रशासनिक संरचनाले सार्वजनिक सेवा प्रवाह र सरकारको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कसरी प्रभाव पार्दछ? लेख्नुहोस् । Mention the form of administrative structure of Nepal. How does the

administrative structure affect the public service delivery and in the effective implementation of Government policies and programs. Write down.

- 

2. सूचनाको हक र पारदर्शिता सम्बन्धी संवैधानिक र कानूनी प्रावधानको संक्षिप्त वर्णन गर्दै सुशासनमा यसको भूमिका उल्लेख गर्नुहोस् । Describing briefly regarding to the constitutional and legal provisions of right to information and transparency, Mention its role in good governance.

- 

3. बहुस्तरीय शासनको अवधारणा प्रष्ट पार्नुहोस् । वर्तमान सन्दर्भमा बहुस्तरीय शासनको अवधारणाको औचित्यताबारे चर्चा गर्दै संयुक्त राष्ट्र संघ ठूला शक्ति राष्ट्रहरूद्वारा सञ्चालित अन्तर्राष्ट्रिय सरकार हो । भन्ने भनाईलाई स्पष्ट पार्नुहोस् । Clarify the concept of multilevel governance. In present context, discussing the rationale of the concept of multilevel governance, clarify to the statement "United Nation Organization is an International Government operated by big power nations."

- **Section - B**
- 

4. नेपालमा सवैधानिक विकासको संक्षिप्त वर्णन गर्दै वर्तमान संविधानको मूलभूत विशेषताहरू उल्लेख गर्नुहोस् । Briefly describing the constitutional development in Nepal, mention the basic features of the present constitution.

- 

5. समावेशीकरण र सकारात्मक विभेदबीच फरक छुट्याउनुहोस् । नेपालको निजामती सेवामा यि दुवै मूल्य मान्यताको अभ्यास कसरी गरिएको छ उल्लेख गर्नुहोस् । Differentiate between inclusion and positive discrimination. How both of these values and norms has been practiced in Civil Service of Nepal? Mention.

- **Section - C**
- 

6. सेवा प्रवाहमा स्थानीय तहको सरकारको भूमिका लेख्नुहोस् । सेवा प्रवाहमा स्थानीय तहका सरकारले जनअपेक्षा अनुरूप किन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छैनन् ? कारण दिनुहोस् । Write the role of local level government in service delivery. Why are the local level governments not playing a vital roles in the service delivery as per the expectation of people? Give reasons.

- 

7. "सार्वजनिक उत्तरदायित्व लाई कसरी परिभाषित गर्नुहुन्छ? यसको अनुपालना परीक्षणमा सहभागी हुने आन्तरिक एवं बाह्य पात्रहरू उल्लेख गर्नुहोस् । How do you define "Public Accountability"? Mention the internal and external actors involved In Compliance Audit.

- 

8. नेपालको निजामती सेवालाई उच्चस्तरको कार्यसम्पादनका निम्ति सक्षम तुल्याउन के कस्ता प्रमुख चुनौती रहेका छन्? यि चुनौतीहरू कसरी परास्त गर्न सकिन्छ? सुझाव दिनुहोस् । What

MIRAS ACADEMY
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor Sundhara Kathmandu

are the main challenges to enable the civil service of Nepal for high level work performance? How can these challenges be overcome? Give suggestions.

- **Section - D**
-

9. राज्य सञ्चालनमा मानवश्रोत व्यवस्थापन किन महत्वपूर्ण हुन्छ? मानवश्रीत उपयोगका विभिन्न पक्षहरूको व्याख्या गर्नुहोस् । Why is human resource management important in statecraft? Explain the different aspects of utilizing human resources.

-

10. सहभागितामूलक योजना र समावेशी विकासबीच कसरी फरक छुट्याउनुहुन्छ? सहभागिता, स्वामित्व र सहउत्पादनका अवधारणाबीच तुलना गर्नुहोस् । How would you differentiate between Participatory planning and inclusive development? Compare among the concepts of participation, ownership and co-production.

**Date: 2080/1/31 | Subject: Contemporary Issues (Paper: III)**

- **Section - A**
-

1. "शरणार्थी" शब्दलाई अन्तर्राष्ट्रिय मान्यता अनुरूप परिभाषित गर्नुहोस् । नेपालमा शरणार्थी समस्यावारे उल्लेख गर्दै यो समस्या समाधान गर्न नेपालले के कस्ता रणनीतिहरू अपनाउनुपर्ला ? लेख्नुहोस् । Define the term "Refugee" as per international standard. Mentioning about the refugee problem in Nepal, what strategies should Nepal adopt to solve this problem? Write down.

-

2. सामाजिक न्यायको सैद्धान्तिक अवधारणाको चर्चा गर्दै नेपालमा सामाजिक न्याय सम्बन्धी व्यवस्थाहरू वर्णन गर्नुहोस् । Discussing of the theoretical concepts of social justice, describe the provisions related to social justice in Nepal.

-

3. सामाजिक परिचालन भन्नाले के बुझिन्छ? नेपालमा सामाजिक परिचालन सम्बन्धमा गरिएको व्यवस्थाको उल्लेख गर्नुहोस् । यसलाई अझ प्रभावकारी बनाउने उपयुक्त उपायहरू के-के हुन सक्छन् ? लेख्नुहोस् । What is meant by social mobilization? Mention the arrangements made regarding social mobilization in Nepal. What would be the suitable measures to make it more effective? Write down.

- **Section - B**
-

4. आर्थिक कुटनीतिको अर्थ प्रष्ट्याउँदै नेपालमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न आर्थिक कुटनीतिलाई कसरी अझ बढी प्रभावकारी बनाउन सकिन्छ ? उपायहरू उल्लेख गर्नुहोस् । Clarifying the meaning of economic diplomacy, how could economic diplomacy be made more effective to attract foreign direct investment in Nepal? Mention the measures.

-

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu

5. आर्थिक वृद्धि र आर्थिक विकासबीच के भिन्नता छ? आर्थिक वृद्धि र आर्थिक विकासका सम्बन्धमा नेपाल सरकारको विद्यमान नीति स्पष्ट पार्नुहोस् । What is the difference between economic growth and economic development? Clarify the existing policy of Nepal Government regarding economic growth and economic development.

- **Section - C**
-

6. युएनडिपीद्वारा प्रत्येक वर्ष प्रकाशित हुने मानव विकास सूचकाङ्कका प्रमुख तत्वहरू उल्लेख गर्दै नेपालको अवस्थाबारे स्पष्ट पार्नुहोस् । Mentioning the major elements of Human Development Index (HDI) published every year by UNDP, elucidate about the current situation of Nepal.

-

7. नेपालमा अधिकार निक्षेपणका मुख्य बाधाहरू पहिचान गरी अधिकारको प्रभावकारी निक्षेपणका लागि उपयुक्त उपायहरू प्रस्तुत गर्नुहोस् । Identifying the main barriers of devolution of power in Nepal, present the appropriate measures for effective devolution of power.

-

8. दिगो विकासको परिचय दिनुहोस् । सन् २०३० सम्ममा नेपालले दिगो विकासका लक्ष्यहरू हासिल गर्न के-के गर्नुपर्ला ? लेख्नुहोस् । Give an introduction of Sustainable Development. What should Nepal do to achieve the Sustainable Development Goals by 2030 AD? Write down.

- **Section - D**
-

9. वातावरण र विकासबीचको अन्तरसम्बन्धबारे प्रकाश पार्नुहोस् । वाताबरण र विकारावीच हामीले कसरी सन्तुलन कायम गर्न सक्दछौं? उदाहरणसहित उत्तर दिनुहोस् । Highlight about the inter-relationship between environment and development. How can we maintain balance between environment and development? Answer with example.

-

10. बिशेष गरेर नेपालका ठूला शहरहरूमा फोहरमैला व्यवस्थापन एउटा गम्भीर समस्या भएको छ । फोहरमैला व्यवस्थापनमा देखिएका समस्या के-के हुन् ? फोहरमैलाको समुचित तरीकाले व्यवस्थापन गर्न सुझाव दिनुहोस् । Especially in big cities of Nepal, solid waste management has become a serious problem. What are the problems occurred in solid waste management? Suggest to manage the solid waste properly.

**Date: 2080/2/1 | Subject: Service related subject (Paper: IV)**

- **Section - A**
-

1. निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन किन गरिन्छ ? प्रचलित निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिम कार्यसम्पादन मूल्याङ्कन प्रणालीसँग सम्बन्धित व्यवस्थाको विद्यमान कार्यान्वयन अवस्था मूल्याङ्कन गर्नुहोस् । Why is the work performance of a civil servant appraised? Evaluate the current implementation status of the

provisions related to work performance appraisal system as stipulated in the prevailing Civil Service Act and Regulation.

2. सार्वजनिक प्रशासन तथा व्यवस्थापनमा 'निर्णय निर्माण को महत्व माथि प्रकाश पार्दै निर्णय निर्माण प्रकृयाका विभिन्न सैद्धान्तिक र व्यवहारिक पक्षहरू व्याख्या गर्नुहोस् । Highlighting on the importance of "decision making" in public administration and management, explain the different theoretical and practical aspects of decision making process.

3. के नेपालमा सार्वजनिक सेवा प्रवाह प्रविधिमैत्री छ? मुलुकमा सार्वजनिक सेवा प्रवाहको विद्यमान अवस्था लेख्नुहोस् । प्रभावकारी सेवा प्रवाहसँग सम्बन्धित समस्या उल्लेख गर्दै तिनलाई सम्बोधन गर्ने व्यवहारिक सुझाबहरू दिनुहोस् । Is the public service delivery system in Nepal technology friendly? Write the present situation of public service delivery in the country. Mentioning the problems associated with effective service delivery, give practicable suggestions to address them.

- **Section - B**

4. बजेट चक्र भनेको के हो? नेपाल सरकारको बजेट तर्जुमा प्रक्रिया स्पष्ट पार्दै बजेट तर्जुमा प्रक्रियाको कमजोरीहरू औंल्याउनुहोस् । What is a budget cycle? Elucidating the budget formulation process of Nepal Government, point out the weaknesses of budget formulation process.

5. नेपालले विगत २५ वर्षदेखि मूल्य अभिवृद्धि कर लागू गरेको छ । यस अवधिमा नेपालको कर प्रणालीमा धैरै सुधारका प्रयास गरिएका छन् । नेपालले समयमै कानूनमा परिमार्जन, संरचनागत सुधार एवं विस्तार र कर प्रणाली समेत अन्तर्राष्ट्रिय मान्यता एवं सिद्धान्त अनुरूप परिमार्जन गरेको छ । उपर्युक्त पहलहरू भएपनि मूल्य अभिवृद्धि करको कार्यान्वयन सन्तोषजनक भइरहेको छैन । VAT फाईलिङको डेबिट रिटर्न निरन्तर घटिरहेको छ । शुन्य रिटर्नमा संख्याको बृद्धि भइरहेको छ । यस सन्दर्भमा, यसो हुनुका कारणहरू के के हुन् ? कर प्रणालीमा के कस्तो असर पर्न सक्छ ? स्पष्ट तवरले वर्णन गर्नुहोस् । Nepal has introduced Value Added Tax (VAT) since last 25 years. During this period, various reforms have been initiated in the tax system of Nepal. Nepal has made timely changes on law, structural reform and extension as well as tax system in accordance with International norms and principles. Despite the above initiatives, the implementation of value added tax is not being satisfactory. Debit return of VAT filing is being continuously decreasing. There is subsequent increment of numbers on zero return. In this context, what are the reasons behind it? What will be the effect on tax system? Elaborate clearly.

- **Section - C**

6. एकल कोष खाता प्रणालीको अवधारणा, उद्देश्य र महत्वबारे प्रकाश पार्दै यसको प्रभावकारी कार्यान्वयनका लागि रहेका चुनौती उल्लेख गर्नुहोस् । Highlighting about the concept, objectives and importance of Treasury Single Account system, mention the challenges for effective implementation of it.

7. नेपालको सार्वजनिक खरीद कानून अनुसार सरकारी निकायले अत्यावश्यक मालसामान तथा सेवा खरीद गर्दा अपनाउनुपर्ने खरीद विधिहरू वर्णन गर्नुहोस् । According to Procurement Law of Nepal, describe the procedures to be adopted by the government entities while procuring essential goods and services.

8. विद्यमान नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐनमा व्यवस्था गरे बमोजिम नेपालको चार्टर्ड एकाउण्टेण्ट्स संस्थाको परिषद् गठन प्रक्रियाबारे उल्लेख गर्नुहोस् । As provisioned in current Nepal Chartered Accountant Act, mention about the formation process of Council of Institute of Chartered Accountants of Nepal.

**Section - D**

9. विद्यमान व्यवस्थापन कार्यविधि र कानून निर्माण प्रक्रियाबीचको भिन्नता प्रष्ट पार्नुहोस् । प्रत्यायोजित विधायनका सीमा र प्रत्यायोजनका लागि आधार उल्लेख गर्नुहोस् । Clarify the differences between legislation procedures and law-making process. Mention the limits of delegated legislation and the basis for delegation.

10. नेपालको संघीय संसदका पदाधिकारी तथा सदस्यले पालना गर्नुपर्ने आचार संहिता उल्लेख गर्नुहोस् । २. आचार संहिताको अनुगमन प्रणाली सम्बन्धी व्यवस्थाबारे प्रकाश पार्नुहोस् । Mention the code of conduct to be followed by the officials and members of the Federal Parliament of Nepal. And, highlight on the provisions relating to the monitoring system of the code of conduct.

MIRAS ACADEMY
LEARN • GROW • SUCCEED
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu